मिति २०८१ माघ २२ गते मंगलबार दिनको १:०० बजे बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको आ.ब.२०८१/०८२ को नवौं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्नानुसार छन्

निर्णय नं. १:

गत बैठकहरुबाट भए गरेका निर्णयहरुको समीक्षा गरी कार्यान्वियन हुन बाँकी निर्णयहरुलाई यथाशीघ्र कार्यान्वियन गर्ने ।

निर्णय नं. २:

राक्सिराङ्ग गाँउपालिकाको आर्थिक वर्ष २०८१/०८२ को मिति २०८१।१०।२१ सम्मको कुल आय व्ययको विवरण अनुमोदन गर्ने ।

निर्णय नं. ३:

राक्सिराङ्ग गाउँपालिकाद्धारा तामाङ समुदायको महान पर्व सोनाम ल्होछारको अवसरमा दिइएको मिति २०८१।१०।१६ देखी र १८ गते सम्मको तीन दिनको सार्वजनिक विदाको निर्णय अनुमोदन गर्ने ।

निर्णय नं. ४:

आर्थिक वर्ष २०८२।०८३ को लागि संघीय समपूरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना तथा कार्यक्रमहरुको माग गर्ने सम्बन्धी राष्ट्रिय योजना आयोग बाट प्रकाशित भएको सूचना बमोजिम यस गाउँपालिकाको लागि देहायका आयोजना तथा कार्यक्रम माग गर्ने ।

संघीय समपूरक अनुदान तर्फ:

| सि नं | आयोजनाको विवरण | प्रस्तावित रकम | स्थानीय तहले व्यहोर्ने रकम (३०%) | आयोजनको अवधी | कैफियत |
|---|---|---|---|---|---|
| १. | घोरकोटे अठारे कान्सिराङ्ग धादिङ्ग सडक स्तरीकरण योजना, राक्सिराङ्ग ४ र ९ | ३ करोड | ९० लाख | २ बर्ष | |
| २. | चैनपुर देवीटार सिलिङ्गे सडक स्तरीकरण योजना, राक्सिराङ्ग ५,६,७ र ८ | ३ करोड | ९० लाख | २ बर्ष | |
| ३. | गिंगु राक्सिराङ्ग टोड्के गैजुराङ्ग भिम्बुङ पर्यटन मार्ग | ३ करोड | ९० लाख | २ बर्ष | |

संघीय बिशेष अनुदान तर्फ:

| सि नं | आयोजनाको विवरण | प्रस्तावित रकम | आयोजनको अवधी | कैफियत |
|---|---|---|---|---|
| १. | चेपाङ बालबालिकाको गुणस्तरीय माध्यमिक शिक्षा कार्यक्रम | १ करोड | १ वर्ष | |
| २. | चेपाङ्ग जीवनस्तर सुधार तथा आयआर्जन प्रवर्द्धन कार्यक्रम | १ करोड | १ बर्ष | |
| ३. | स्वास्थ्य सेवामा चेपाङ्ग समुदायको पहुच अभिवृद्धि तथा पोषण सुधार आयोजना | १ करोड | १ बर्ष | |

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चैनपुर, मकवानपुर
बागमती प्रदेश, नेपाल

देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धैनपुर, मकवानपुर
बागमती प्रदेश, नेपाल

**निर्णय नं. ५:**

राक्सिराङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत कार्यक्रम बमोजिम ब्रुङ्दि कोखारी गैजुराड सडक, राक्सिराड-९ र घोरकोटे अठारे कान्सिराङ धादिङ सडक, राक्सिराङ्ग-४ र ९ निर्माणको सन्दर्भमा परामर्शदातृ संस्थाबाट पेश हुन आएको प्रारम्भिक वातावरणीय अध्ययन (IEE) प्रतिवेदन स्वीकृत गर्ने ।

**निर्णय नं. ६:**

क. राक्सिराङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत बजेट खर्च शीर्षक भैपरी आउने चालू खर्च शीर्षकबाट देहायका योजना तथा कार्यक्रमहरुमा तपशील बमोजिम रकमान्तर गरी विनियोजन गर्ने ।

| सि नं | कार्यक्रम/योजनाको नाम (थप) | विनियोजन रकम | रकमान्तर (घट) हुने शीर्षक |
|---|---|---|---|
| १ | चेपाङ्ग सांस्कृतिक तथा पर्यटन क्षेत्र विस्तृत गुरुयोजना निर्माण, वडा नं ७ | रु १०,००,००० | भैपरि आउने चालू खर्च |
| २ | सवारी साधन बीमा तथा नवीकरण खर्च | रु ३,००,००० | भैपरि आउने चालू खर्च |
| ३ | मेशिनरी औजार तथा उपकरण खरिद | रु ५,००,००० | भैपरि आउने चालू खर्च |

ख. उल्लेखित चेपाङ्ग सांस्कृतिक तथा पर्यटन क्षेत्र विस्तृत गुरुयोजना निर्माण, वडा नं ७ कार्यक्रमको योजना निर्माण तथा विस्तृत कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्नको लागि सरोकारवालाहरु समेतको सहभागितामा कार्यक्रम सहजीकरण तथा निर्देशक समिति गठन गर्ने ।

ग. राक्सिराङ्ग गाउँपालिकामा ठेक्का मार्फत सञ्चालन भई कार्य भईरहेको दुङ्गु अठारे डन्टार सडक स्तरीकरण योजनाको काम विविध कारणले पूर्वनिर्धारित समयावधि भित्र सम्पन्न हुन नसक्ने देखिएकोले चालु आ.ब. २०८१/०८२ मा निर्माण व्यवसायीबाट पेश भएको कार्यतालिका बमोजिम कार्य सम्पन्न गर्ने गरी २०८१ चैत्र मसान्तसम्म म्याद थप गर्ने।

घ. राक्सिराङ्ग गाउँपालिकाको *बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वियन कार्ययोजना, २०८१* बमोजिम योजनाहरुको सम्झौता म्याद २०८१ फागुन १५ गतेसम्म थप गर्ने ।

ङ. राक्सिराङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ मा स्रोत सुनिश्चित पश्चात संचालन गरिने योजनामा स्वीकृत योजना तथा कार्यक्रमहरुलाई वडासमितिको निर्णयबाट अनुरोध भई आए अनुसार देहाय बमोजिम संशोधन गर्ने ।

| सि नं | योजनाको नाम (घटाउने) | रकम | संशोधन हुने योजनाको नाम (थप हुने) | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | जुरेथुम विद्यालय मर्मत | ७००००० | ढुसिने खार्लिङ्ग जोडने सडक | १४,००,००० | ७ लाखमा थप ७ लाख |
| २ | जुर्लिङ्ग प्रा. वि मर्मत | २००००० | लोकप्रिय प्रा.वि जुर्लिङ्ग मर्मत | २००००० | |
| ३ | तन्सुराङ्ग कोखारी सडक स्तरीकरण | १०००००० | सलेनी गैजुराङ्ग सडक निर्माण | १०००००० | |

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धैनपुर, मकवानपुर
बागमती प्रदेश, नेपाल

देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चैनपुर, मकवानपुर
बागमती प्रदेश, नेपाल

निर्णय नं. ७:

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम परिषद् हेटौंडा मकवानपुर मिति २०८१।१०।१५ चलानी नं २८८ को पत्रबाट अनुरोध/जानकारी भई आए अनुसार प्रदेश सरकारको ६०% र स्थानीय तहको ४०% लागत साझेदारीमा छोटो अवधीको सीपमूलक तालिम कार्यक्रमका लागि यस पालिकाबाट पेश गरिएको प्रस्तावहरु मध्ये सि.नं १ को केयर गिभर तालिम कार्यक्रम संचालन गर्नको लागि १ कोटा बराबर हुने रु २ लाख ७० हजार रकम विनियोजन गरी लागत साझेदारी गर्ने तथा कार्यक्रम संचालनका लागि परिषद् सँग सम्झौता गर्ने कार्यको लागि यस गाउँपालिकाका सामाजिक विकास शाखाका अधिकृतस्तर आठौं श्री गोविन्द अधिकारीलाई जिम्मेवारी प्रदान गर्ने ।

निर्णय नं. ८:

राक्सिराङ्ग गाउँपालिकामा घ वर्गको निर्माण व्यवसायी इजाजतपत्रको लागि माग भई निवेदन पेश हुन आएको *श्री रोबर्ट एण्ड रोजी कन्स्ट्रक्सन प्रा.लि, राक्सिराङ्ग ३ पलाँसे* लाई *राक्सिराङ्ग गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि* २०७५ को दफा २(३) बमोजिम इजाजतपत्र प्रदान गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

देव चन्द्र घर्तीमगर
प्रमुख प्रशासकीय अधिकृत

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चैनपुर, मकवानपुर
बागमती प्रदेश, नेपाल